२०८३ सालको कार्यविधि नं. ४

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः १०    संख्याः ४    मितिः२०८३।०४।२०

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका पर्यटन वर्ष—२०८३ सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

**प्रस्तावना**

हेटौंडा उपमहानगरपालिकाभित्र रहेका प्राकृतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्त्विक, पर्यावरणीय पर्यटनका सम्भावनायुक्त गन्तव्यहरूको संरक्षण, संवर्द्धन, विकास तथा दिगो उपयोग गर्दै पर्यटन क्षेत्रको समग्र विकास गर्ने, आन्तरिक तथा बाह्य पर्यटकको आगमन अभिवृद्धि गर्ने, स्थानीय उत्पादन, कला, संस्कृति, परम्परा, खेलकुद, आतिथ्य सेवा तथा उद्यमशीलताको प्रवर्द्धन गरी रोजगारी सिर्जना, आयआर्जन वृद्धि र स्थानीय अर्थतन्त्रलाई सबल बनाउने उद्देश्यले हेटौंडा उपमहानगरपालिकाले आर्थिक वर्ष २०८३/०८४ लाई "हेटौंडा पर्यटन वर्ष—२०८३" का रूपमा सञ्चालन गर्ने नीति अवलम्बन गरेको छ।

पर्यटन वर्षसँग सम्बन्धित कार्यक्रम, पूर्वाधार विकास, प्रचार—प्रसार, साझेदारी, लगानी प्रवर्द्धन, सेवा व्यवस्थापन, स्वयंसेवक परिचालन, सुरक्षा समन्वय, वित्तीय व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन लगायतका कार्यहरूलाई प्रभावकारी, पारदर्शी, उत्तरदायी तथा नतिजामुखी ढङ्गले सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी हेटौंडा उपमहानगरपालिकाले यो "**हेटौंडा उपमहानगरपालिका पर्यटन वर्ष—२०८३ सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३**" जारी गरेको छ ।

## परिच्छेद—१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"हेटौंडा उपमहानगरपालिका पर्यटन वर्ष—२०८३ सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३"** रहेको छ।

(२) यो कार्यविधि हेटौंडा उपमहानगरपालिकाको कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

(३) यो कार्यविधि पर्यटन वर्ष—२०८३ को अवधि तथा यस कार्यविधिअनुसार स्वीकृत कार्यक्रमहरूको कार्यसम्पादन सम्पन्न नभएसम्म लागू रहनेछ। पर्यटन वर्ष सम्पन्न भएपछि बाँकी दायित्व, लेखापरीक्षण, भुक्तानी, प्रतिवेदन तथा मूल्याङ्कनसम्बन्धी कार्य यस कार्यविधिअनुसार नै सम्पन्न गरिनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा—

(क) **"उपमहानगरपालिका"** भन्नाले हेटौंडा उपमहानगरपालिकालाई सम्झनु पर्दछ।

(ख) **"कार्यपालिका"** भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) **"नगरसभा"** भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ।

(घ) **"प्रमुख"** भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

(ङ) **"उपप्रमुख"** भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्दछ।

(च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले हेटौंडा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(छ) **"पर्यटन वर्ष"** भन्नाले हेटौंडा उपमहानगरपालिकाले घोषणा गरेको "हेटौंडा पर्यटन वर्ष—२०८३" लाई सम्झनु पर्दछ।

(ज) **"पर्यटन"** भन्नाले मनोरञ्जन, अध्ययन, अनुसन्धान, धार्मिक, सांस्कृतिक, स्वास्थ्य, साहसिक, खेलकुद, कृषि, ग्रामीण, पर्यावरणीय, व्यवसायिक तथा अन्य कुनै उद्देश्यले निश्चित अवधिका लागि यात्रा गर्ने तथा त्यससँग सम्बन्धित सेवा, सुविधा र गतिविधिलाई सम्झनु पर्दछ।

(झ) **"पर्यटक"** भन्नाले पर्यटनको उद्देश्यले हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र भ्रमण गर्ने स्वदेशी वा विदेशी व्यक्तिलाई सम्झनु पर्दछ।

(ञ) **"पर्यटकीय गन्तव्य"** भन्नाले प्राकृतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्त्विक, पर्यावरणीय, साहसिक, ग्रामीण तथा अन्य पर्यटन सम्भावना भएका स्थानलाई सम्झनु पर्दछ।

(ट) **"समिति"** भन्नाले यस कार्यविधिबमोजिम गठन भएको पर्यटन वर्ष आयोजकसमिति वा अन्य कुनै समिति वा उपसमितिलाई सम्झनु पर्दछ।

(ठ) **"सचिवालय"** भन्नाले पर्यटन वर्ष सञ्चालनका लागि स्थापना गरिएको सचिवालयलाई सम्झनु पर्दछ।

(ड) **"साझेदार संस्था"** भन्नाले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार, निजी क्षेत्र, उद्योग वाणिज्य संघ, पर्यटन व्यवसायी, होटल व्यवसायी, यातायात व्यवसायी, सामुदायिक संस्था, सहकारी, गैरसरकारी संस्था, शैक्षिक संस्था तथा अन्य सहयोगी निकायलाई सम्झनु पर्दछ।

(ढ) **"पर्यटन व्यवसायी"** भन्नाले होटल, रिसोर्ट, होमस्टे, ट्राभल तथा ट्रेकिङ एजेन्सी, रेस्टुरेन्ट, पर्यटक यातायात, मनोरञ्जन, साहसिक पर्यटन, गाइड सेवा तथा पर्यटनसँग सम्बन्धित व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा संस्थालाई सम्झनु पर्दछ।

(ण) **"स्वयंसेवक"** भन्नाले पर्यटन वर्ष सञ्चालनमा सहयोग गर्न तोकिएबमोजिम परिचालन गरिने व्यक्ति वा समूहलाई सम्झनु पर्दछ।

(त) **"कोष"** भन्नाले यस कार्यविधिबमोजिम स्थापना गरिएको पर्यटन वर्ष सञ्चालन तथा व्यवस्थापन कोषलाई सम्झनु पर्दछ।

(थ) **"कार्यक्रम"** भन्नाले पर्यटन वर्षअन्तर्गत सञ्चालन हुने उद्घाटन, समापन, महोत्सव, प्रदर्शनी, सम्मेलन, प्रतियोगिता, सांस्कृतिक कार्यक्रम, प्रवर्द्धनात्मक कार्यक्रम, तालिम, गोष्ठी, पूर्वाधार विकास तथा अन्य स्वीकृत गतिविधिलाई सम्झनु पर्दछ।

(द) **"कानून"** भन्नाले प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानूनलाई सम्झनु पर्दछ।

**३. कार्यविधिको उद्देश्यः** यस कार्यविधिका उद्देश्य देहायबमोजिम हुनेछन्—

(क) हेटौंडा उपमहानगरपालिकालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन गन्तव्यका रूपमा विकास तथा प्रवर्द्धन गर्नु।

(ख) पर्यटन वर्ष—२०८३ लाई व्यवस्थित, प्रभावकारी, समन्वयात्मक तथा नतिजामुखी रूपमा सञ्चालन गर्नु।

(ग) पर्यटकीय पूर्वाधार, सेवा सुविधा तथा पर्यटनमैत्री वातावरणको विकास गर्नु।

(घ) स्थानीय कला, संस्कृति, भाषा, भेषभूषा, परम्परा तथा मौलिक पहिचानको संरक्षण र प्रवर्द्धन गर्नु।

(ङ) निजी क्षेत्र, समुदाय तथा विकास साझेदारसँग सहकार्य र लगानी अभिवृद्धि गर्नु।

(च) स्थानीय उत्पादन, हस्तकला, कृषि, घरेलु उद्योग तथा उद्यमशीलतालाई पर्यटनसँग आबद्ध गरी आयआर्जन तथा रोजगारी सिर्जना गर्नु।

(छ) पर्यटन क्षेत्रमा दिगोपना, वातावरण संरक्षण, लैङ्गिक समानता, सामाजिक समावेशिता तथा अपाङ्गतामैत्री सेवा प्रवर्द्धन गर्नु।

(ज) डिजिटल प्रवर्द्धन, सूचना प्रवाह तथा पर्यटकमैत्री सेवा प्रणालीको विकास गर्नु।

(झ) पर्यटकको सुरक्षा, स्वास्थ्य, सूचना तथा आपत्कालीन उद्धारमा आवश्यक समन्वय गर्नु।

(ञ) पर्यटन वर्षको प्रभावकारिता मापन गरी दीर्घकालीन पर्यटन विकासको आधार तयार गर्नु।

**४. कार्यक्षेत्रः** (१) यो कार्यविधि हेटौंडा उपमहानगरपालिकाभित्र सञ्चालन हुने पर्यटन वर्ष—२०८३ सम्बन्धी सम्पूर्ण कार्यक्रम, योजना, आयोजना, सेवा तथा गतिविधिमा लागू हुनेछ।

(२) यस कार्यविधिअनुसार सञ्चालन हुने कार्यक्रम उपमहानगरपालिका स्वयं, वडा कार्यालय, विषयगत शाखा, सरकारी निकाय, निजी क्षेत्र, सामुदायिक संस्था, पर्यटन व्यवसायी, शैक्षिक संस्था, नागरिक समाज तथा अन्य साझेदार संस्थाको समन्वय र सहकार्यमा सञ्चालन गर्न सकिनेछ।

(३) पर्यटन वर्षअन्तर्गत आयोजना हुने सबै कार्यक्रम, महोत्सव, सम्मेलन, प्रदर्शनी, सांस्कृतिक गतिविधि, खेलकुद, साहसिक पर्यटन, धार्मिक पर्यटन, ग्रामीण पर्यटन, होमस्टे प्रवर्द्धन, पूर्वाधार निर्माण, प्रचार—प्रसार, स्वयंसेवक परिचालन तथा अन्य स्वीकृत कार्यक्रम यस कार्यविधिको अधीनमा सञ्चालन हुनेछन्।

(४) यस कार्यविधिको व्यवस्था प्रचलित संघीय तथा प्रदेश कानूनसँग बाझिएको हदसम्म सम्बन्धित कानूनबमोजिम हुनेछ र बाँकी विषयमा यसै कार्यविधिअनुसार कार्यान्वयन गरिनेछ।

(५) यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रचलित कानून, कार्यपालिकाको निर्णय तथा यस कार्यविधिको उद्देश्यअनुकूल जारी गरिएका निर्देशिका, मापदण्ड वा कार्यदिशबमोजिम कार्य हुनेछ।

## परिच्छेद–२
## पर्यटन वर्ष सञ्चालनको संस्थागत संरचना

**५. पर्यटन वर्षको संस्थागत संरचनाः** पर्यटन वर्ष–२०८३ को प्रभावकारी सञ्चालन, व्यवस्थापन, समन्वय तथा अनुगमनका लागि देहायबमोजिमको संस्थागत संरचना रहनेछः

(क) सल्लाहकार समिति

(ख) मूल समारोह समिति

(ग) आयोजक समिति

(घ) बिषयगत समिति

(ङ) कार्यसम्पादन समन्वय समिति

**६. सल्लाहकार समितिः** पर्यटन वर्ष–२०८३ को समग्र सञ्चालन, समन्वय तथा व्यवस्थापनका सम्बन्धमा आवश्यक सल्लाह सुझाव लिनका लागि देहायबमोजिमको सल्लाहकार समिति गठन गरिनेछः

- मुख्यमन्त्री, बागमती प्रदेश
- संघीय मन्त्री, पूर्व मन्त्रीहरु -मकवानपुर
- पूर्व मुख्यमन्त्री, बागमती प्रदेश
- प्रतिनिधि सभा सदस्य प्रत्यक्ष, समानुपातिक
- प्रदेश सभा सदस्य, निर्वाचन क्षेत्र नं.१ र २
- जिल्ला समन्वय समिति प्रमुख
- रजनैतिक दलका प्रमुखहरुः रास्वपा, नेपाली काँग्रेस, नेकपा एमाले, नेकपा, राष्ट्रिय प्रजातन्त्र पार्टी, श्रम संस्कृति पार्टी

**७. मूल समारोह समितिः** (१) पर्यटन वर्ष–२०८३ को समग्र सञ्चालन, समन्वय तथा व्यवस्थापनका लागि देहायबमोजिमको मूल समारोह समिति गठन हुनेछः

- नगर प्रमुख - संयोजक
- नगर उपप्रमुख — सह संयोजक
- प्रमुख प्रशासकीय अधिकृत — सदस्य
- जिल्ला समन्वय समितिका प्रतिनिधि - सदस्य
- सम्पूर्ण वडा अध्यक्ष — सदस्य
- सम्पूर्ण कार्यपालिका सदस्य — सदस्य
- नगर पर्यटन विकास समिति अध्यक्ष- सदस्य
- जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य
- जिल्ला प्रहरी प्रमुख वा प्रतिनिधि - सदस्य

- सशस्त्र प्रहरी प्रमुख वा प्रतिनिधि — सदस्य
- उद्योग संघ मकवानपुरका अध्यक्ष -सदस्य
- मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष - सदस्य
- मकवानपुर होटल एसोसियसनका अध्यक्ष - सदस्य
- नारायणी यातायात व्यवसायी संघका अध्यक्ष - सदस्य
- निर्माण व्यवसायी संघ मकवानपुरका अध्यक्ष — सदस्य
- नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष - सदस्य
- गै.स.स. महासंघ मकवानपुरका अध्यक्ष — सदस्य
- टोल विकास नगर समन्वय समितिको अध्यक्ष — सदस्य
- पर्यटन हेर्ने महाशाखा प्रमुख - सदस्य—सचिव

(२) आवश्यकताअनुसार अन्य व्यक्ति वा संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यका रूपमा सहभागी गराउन सकिनेछ।

८. **मूल समारोह समितिको काम, कर्तव्य र अधिकारः** मूल समारोह समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) पर्यटन वर्षको समग्र नीति तथा रणनीति स्वीकृत गर्ने।

(ख) वार्षिक कार्ययोजना तथा बजेट अनुमोदनका लागि कार्यपालिकामा सिफारिस गर्ने।

(ग) कार्यसम्पादन समन्वय समितिलाई आवश्यक निर्देशन दिने।

(घ) स्रोत परिचालन तथा साझेदारी विस्तार गर्ने।

(ङ) पर्यटन वर्षको प्रगति समीक्षा गर्ने।

(च) आवश्यक नीतिगत निर्णय गर्ने।

९. **आयोजक समितिः** (१) कार्यक्रमको कार्यान्वयन, समन्वय तथा अनुगमन गर्न देहाय बमोजिमको आयोजक समिति रहनेछ।

- नगर प्रमुख- अध्यक्ष
- नगर उपप्रमुख -उपाध्यक्ष
- प्रमुख प्रशासकीय अधिकृत - सदस्य
- आर्थिक विकास समितिका संयोजक -सदस्य
- सामाजिक विकास समितिका संयोजक -सदस्य
- पूर्वाधार विकास समितिका संयोजक -सदस्य
- संस्थागत विकास तथा सुशासन समितिका संयोजक -सदस्य
- वन वातावरण तथा बिपद व्यवस्थापन समितिका संयोजक -सदस्य
- नगर पर्यटन विकास समितिका संयोजक -सदस्य
- उपमहानगरपालिकाको प्रवक्ता -सदस्य
- आर्थिक विकास महाशाखा प्रमुख- सदस्य सचिव

१०. **आयोजक समितिको काम, कर्तव्य र अधिकारः** आयोजक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) वार्षिक कार्यक्रम कार्यान्वयनको समन्वय गर्ने।

(ख) बिषयगत क्षेत्र सँग सम्बन्धित कार्ययोजना स्वीकृत गर्ने तथा आवश्यक निर्देशन गर्ने।

(ग) कार्यसम्पादन समन्वय समितिलाई आवश्यक निर्देशन दिने।

(घ) समितिहरुको कार्यको अनुगमन गर्ने।

(ङ) प्रगति प्रतिवेदन मूल समारोह समितिमा पेश गर्ने।

**११. विषयगत समितिहरूः** (१) पर्यटन वर्ष—२०८३ को समग्र सञ्चालन, समन्वय तथा व्यवस्थापनका लागि आयोजक समिति मातहत रहने गरी कार्यपालिकाको सदस्यहरुको संयोजकत्वमा देहायबमोजिमको विषयगत समिति गठन गर्न सकिनेछः

(क) प्रकाशन, प्रचार—प्रसार तथा सञ्चार समिति

(ख) संघ संस्था परिचालन समिति

(ग) खेल क्षेत्र परिचालन समिति

(घ) विशेष सरसफाई तथा सौन्दर्यीकरण समिति

(ङ) अतिथि सत्कार तथा होटल व्यवस्थापन समिति

(च) कला, संगित, साहित्य परिचालन समिति

(छ) बाजा गाजा तथा झांकि व्यवस्थापन समिति

(ज) प्रवेश द्वार तथा व्यानर व्यबस्थापन समिति

(झ) सचिवालय, मायाको चिनो, उपहार व्यवस्थापन समिति

(ञ) यातायात तथा पार्किङ्ग व्यवस्थापन समिति

(ट) वित्त, प्रायोजन तथा स्रोत परिचालन समिति

(ठ) स्वास्थ्य तथा विपद् व्यवस्थापन समिति

(ड) पर्यटन गन्तव्य समन्वय समिति

(ढ) निजी क्षेत्र समन्वय तथा लगानी प्रवर्द्धन समिति

(ण) स्वयंसेवक तथा सुरक्षा व्यवस्थापन समिति

(त) शैक्षिक संस्था समुदाय परिचालन समिति

(थ) कृषि तथा उद्यमी परिचालन समिति

(द) अन्तरपालिका/निकाय समन्वय समिति

(ध) अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन समिति

(२) विषयगत समितिले आवश्यक ठानेका अन्य उपसमितिहरू गठन गर्न सक्ने छ साथै समितिले आफ्नो आचार संहिता आफै बनाई लागु गर्न सक्ने छ।

**१२. विषयगत समितिको काम, कर्तव्य र अधिकारः** विषयगत समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) विषयगत क्षेत्रसँग सम्बन्धित कार्ययोजना तयार गर्ने।

(ख) समितिको स्वीकृत कार्ययोजना कार्यान्वयन गर्ने।

(ग) कार्यसम्पादन समन्वय समितिसँग समन्वय गरी जनशक्ति परिचालन गर्ने।

(घ) प्रगति प्रतिवेदन मूल समारोह समितिमा पेश गर्ने।

**१३. कार्यसम्पादन समन्वय समितिः** (१)विषयगत समिति तथा पर्यटन वर्षका दैनिक प्रशासनिक तथा व्यवस्थापकीय कार्य सञ्चालनमा सहजिकरण तथा सहजिकरण गर्न कार्यसम्पादन समन्वय समिति रहनेछः

| | |
|---|---|
| (१) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (२) सम्पूर्ण महाशाखा प्रमुख | सदस्य |
| (३) सूचना प्रविधि शाखा प्रमुख | सदस्य |
| (४) आर्थिक प्रशासन शाखा प्रमुख/लेखा अधिकृत | सदस्य |
| (५) सम्पत्ति व्यवस्थापन तथा खरिद शाखा प्रमुख | सदस्य |
| (६) सामान्य प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

(२) आवश्यकताअनुसार अन्य कर्मचारी वा प्राविधिकलाई आमन्त्रण गर्न सकिनेछ।

**१४. कार्यसम्पादन समन्वय समितिको काम, कर्तव्य र अधिकारः** कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) मूल समारोह समिति, आयोजक समिति र विषयगत समितिको निर्णय कार्यान्वयनमा सहजीकरण गर्ने।

(ख) कार्यक्रम सञ्चालन तथा व्यवस्थापनमा सहजीकरण गर्ने।

(ग) वित्तीय तथा प्रशासनिक व्यवस्थापनमा सहजीकरण गर्ने।

(घ) खरिद, सम्झौता तथा सेवा व्यवस्थापनमा सहजीकरण गर्ने।

(ङ) आवश्यक जनशक्ति परिचालन गर्ने।

**१५. विज्ञ तथा परामर्शदाता नियुक्तिः** (१) आयोजक समितिले आवश्यकता अनुसार पर्यटन, संस्कृति, सम्पदा, वातावरण, पूर्वाधार, सञ्चार, सूचना प्रविधि, ब्रान्डिङ, बजार व्यवस्थापन तथा अन्य विषयका विज्ञ वा परामर्शदाता नियुक्त गर्न कार्यपालिकासमक्ष सिफारिस गर्न सक्नेछ।

(२) परामर्शदाताको सेवा, सुविधा, कार्यक्षेत्र तथा पारिश्रमिक प्रचलित कानून र कार्यपालिकाको निर्णयबमोजिम हुनेछ।

**१६. स्वयंसेवक परिचालनः** (१) पर्यटन वर्षका कार्यक्रम सञ्चालनका लागि आवश्यकताअनुसार पर्यटन स्वयंसेवक परिचालन गर्न सकिनेछ।

(२) स्वयंसेवकलाई आवश्यक अभिमुखीकरण, परिचयपत्र, पोशाक तथा जिम्मेवारी प्रदान गरिनेछ।

(३) स्वयंसेवक परिचालनसम्बन्धी अन्य व्यवस्था **स्वयंसेवक तथा सुरक्षा व्यवस्थापन समितिले** स्वीकृत गरेको मापदण्डबमोजिम हुनेछ।

## परिच्छेद—३

## योजना तथा कार्यक्रम सञ्चालन

**१७. वार्षिक कार्ययोजनाः** (१) पर्यटन वर्ष—२०८३ का उद्देश्य प्राप्तिका लागि आयोजक समितिले वार्षिक कार्ययोजना स्वीकृत गर्नेछ।

(२) वार्षिक कार्ययोजनामा देहायका विषय समावेश गरिनेछः

(क) पर्यटन वर्षको उद्देश्य, लक्ष्य तथा अपेक्षित उपलब्धि,

(ख) कार्यक्रम तथा क्रियाकलाप,
(ग) कार्यान्वयन गर्ने निकाय,
(घ) समयतालिका,
(ङ) आवश्यक बजेट तथा स्रोत,
(च) कार्यसम्पादन सूचक (Performance Indicators),
(छ) अनुगमन तथा मूल्याङ्कनको आधार,
(ज) जोखिम व्यवस्थापन योजना।

(३) आवश्यकता अनुसार कार्यपालिकाको स्वीकृतिबाट वार्षिक कार्ययोजनामा संशोधन वा परिमार्जन गर्न सकिनेछ।

**१८. कार्यक्रमको वर्गीकरणः** पर्यटन वर्षअन्तर्गत सञ्चालन हुने कार्यक्रम देहायबमोजिम वर्गीकरण गरिनेछः
(क) उद्घाटन तथा समापन समारोह,
(ख) पर्यटन प्रवर्द्धन तथा ब्रान्डिङ कार्यक्रम,
(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलन, गोष्ठी तथा सेमिनार,
(घ) सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक महोत्सव,
(ङ) खेलकुद तथा साहसिक पर्यटन कार्यक्रम,
(च) ग्रामीण, कृषि तथा होमस्टे पर्यटन प्रवर्द्धन कार्यक्रम,
(छ) पर्यटकीय पूर्वाधार विकास तथा सौन्दर्यीकरण,
(ज) वातावरण संरक्षण तथा सरसफाइ अभियान,
(झ) पर्यटन व्यवसायी क्षमता विकास, तालिम तथा अभिमुखीकरण,
(ञ) पर्यटन सूचना, डिजिटल सेवा तथा प्रविधि विकास,
(ट) स्थानीय उत्पादन, हस्तकला,मेला महोत्सव तथा उद्यम प्रवर्द्धन कार्यक्रम,
(ठ) लगानी प्रवर्द्धन तथा निजी क्षेत्र साझेदारी कार्यक्रम,
(ड) शिप मेला , शैक्षिक मेला,
(ढ) कृषि प्रदर्शनि मेला,
(ण) स्वास्थ्य शिविर, योग शिविर कार्यक्रम
(त) हेटौंडा साहित्य महोत्सव,
(थ) खाना महोत्सब,
(द) आयोजक समिति, बिषयगत समितिले स्वीकृत गरेका अन्य कार्यक्रम।

**१९. कार्यक्रम छनोटका आधारः** कार्यक्रम छनोट गर्दा देहायका आधारलाई प्राथमिकता दिइनेछः
(क) पर्यटन प्रवर्द्धनमा प्रत्यक्ष योगदान पुग्ने,
(ख) स्थानीय रोजगारी तथा आयआर्जन वृद्धि गर्ने,
(ग) स्थानीय कला, संस्कृति तथा सम्पदाको संरक्षण गर्ने,
(घ) वातावरणमैत्री तथा दिगो पर्यटनलाई प्रवर्द्धन गर्ने,
(ङ) महिला, युवा, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायको सहभागिता सुनिश्चित गर्ने,

(च) निजी क्षेत्र तथा समुदायको साझेदारी प्रवर्द्धन गर्ने,

(छ) पर्यटकको बसाइ अवधि र खर्च वृद्धि गर्न सहयोग पुऱ्याउने,

(ज) हेटौंडा उपमहानगरपालिकाको पर्यटन पहिचानलाई सुदृढ बनाउने।

२०. **कार्यक्रम सञ्चालनको प्रक्रियाः** (१) पर्यटन वर्षअन्तर्गत सञ्चालन हुने प्रत्येक कार्यक्रम स्वीकृत कार्ययोजना तथा बजेटअनुसार सञ्चालन गरिनेछ।

(२) कार्यक्रम सञ्चालन गर्ने निकायले कार्यक्रम प्रारम्भ हुनु अघि कार्ययोजना, खर्च अनुमान, जिम्मेवारी बाँडफाँट तथा समयतालिका तयार गर्नुपर्नेछ।

(३) आवश्यकताअनुसार कार्यक्रम सञ्चालनका लागि सरकारी निकाय, निजी क्षेत्र, सामुदायिक संस्था, विकास साझेदार तथा अन्य सम्बन्धित निकायसँग सहकार्य गर्न सकिनेछ।

(४) कार्यक्रम सञ्चालन गर्दा प्रचलित सार्वजनिक खरिद, वित्तीय प्रशासन, वातावरण संरक्षण, सुरक्षा तथा अन्य सम्बन्धित कानूनको पालना गर्नुपर्नेछ।

२१. **विशेष कार्यक्रम सञ्चालनः** (१) पर्यटन वर्षको अवसरमा राष्ट्रिय वा अन्तर्राष्ट्रिय महत्वका विशेष कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(२) विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक भएमा कार्यपालिकाको निर्णयबमोजिम छुट्टै कार्ययोजना, बजेट तथा कार्यादेश स्वीकृत गर्न सकिनेछ।

(३) विशेष कार्यक्रम सञ्चालन गर्दा सुरक्षा, स्वास्थ्य, विपद् व्यवस्थापन तथा आपत्कालीन उद्धार योजना अनिवार्य रूपमा तयार गर्नुपर्नेछ।

२२. **प्रचार—प्रसार तथा ब्रान्डिङः** (१) पर्यटन वर्षको प्रभावकारी प्रचार—प्रसारका लागि प्रकाशन, प्रचार—प्रसार तथा सञ्चार समिति मार्फत एकीकृत सञ्चार तथा ब्रान्डिङ योजना तयार गरिनेछ।

(२) प्रचार—प्रसारका लागि देहायका माध्यम प्रयोग गर्न सकिनेछः

(क) डिजिटल तथा सामाजिक सञ्जाल,

(ख) वेबसाइट तथा मोबाइल एप,

(ग) मुद्रित तथा विद्युतीय सञ्चार माध्यम,

(घ) वृत्तचित्र, प्रचार सामग्री तथा प्रकाशन,

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन मेला,

(च) सार्वजनिक सूचना तथा होर्डिङ बोर्ड,

(छ) अन्य उपयुक्त माध्यम।

(३) पर्यटन वर्षको आधिकारिक लोगो, नारा, प्रतीकचिन्ह तथा ब्रान्डिङ सामग्री आयोजक समितिले स्वीकृत गरेबमोजिम प्रयोग गरिनेछ।

२३. **साझेदारी तथा सहकार्यः** (१) पर्यटन वर्षको प्रभावकारी सञ्चालनका लागि नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह, निजी क्षेत्र, संचार क्षेत्र, शैक्षिक संस्था, नागरिक समाज, विकास साझेदार तथा अन्तर्राष्ट्रिय संस्थासँग सहकार्य गर्न सकिनेछ।

(२) सहकार्यका लागि आवश्यकताअनुसार समझदारीपत्र (MoU), साझेदारी सम्झौता वा परियोजना सम्झौता गर्न सकिनेछ।

२४. **कार्यक्रमको अभिलेखीकरणः** (१) पर्यटन वर्षअन्तर्गत सञ्चालन भएका सबै कार्यक्रमको अभिलेख अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन समितिले व्यवस्थित रूपमा राख्नेछ।

(२) अभिलेखमा कम्तीमा देहायका विवरण समावेश गरिनेछः

(क) कार्यक्रमको नाम,

(ख) मिति र स्थान,

(ग) सहभागी संख्या,

(घ) खर्च विवरण,

(ङ) उपलब्धि,

(च) फोटो, भिडियो तथा अन्य प्रमाण,

(छ) सिकाइ तथा सुझाव।

(३) अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन समितिले प्रगति प्रतिवेदन तयार गरी आयोजक समितिमा पेश गर्नेछ।

(४) पर्यटन वर्ष सम्पन्न भएपछि समग्र उपलब्धि, आर्थिक विवरण, सिकाइ, चुनौती तथा भविष्यका सिफारिससहित अन्तिम प्रतिवेदन कार्यपालिकामा पेश गरिनेछ।

## परिच्छेद—४

## स्रोत परिचालनको व्यवस्था

२५. **स्रोत परिचालनः** श्रोतको परिचालन देहाय बमोजिम हुने छः

(क) उपमहानगरपालिकाबाट विनियोजित वार्षिक बजेट,

(ख) नेपाल सरकारबाट प्राप्त अनुदान,

(ग) प्रदेश सरकारबाट प्राप्त अनुदान,

(घ) अन्य स्थानीय तह वा सरकारी निकायबाट प्राप्त सहयोग,

(ङ) विकास साझेदार, अन्तर्राष्ट्रिय संस्था वा दातृ निकायबाट प्रचलित कानूनबमोजिम प्राप्त सहयोग,

(च) निजी क्षेत्र, उद्योग, बैंक तथा वित्तीय संस्था, सहकारी वा अन्य संस्थाबाट प्राप्त प्रायोजन वा आर्थिक सहयोग,

(छ) व्यक्ति वा संस्थाबाट प्राप्त स्वेच्छिक सहयोग, दान वा योगदान,

(ज) पर्यटनसम्बन्धी कार्यक्रम, प्रदर्शनी, मेला, महोत्सव वा प्रकाशनबाट प्राप्त आम्दानी,

(झ) लोगो, ब्रान्ड, स्मृति सामग्री, प्रचार सामग्री वा अन्य आधिकारिक सामग्रीको स्वीकृत प्रयोगबाट प्राप्त राजस्व,

(ञ) कानूनबमोजिम प्राप्त अन्य कुनै स्रोत।

## परिच्छेद—५

## पुरस्कार, प्रोत्साहन तथा सम्मान

२६. **पुरस्कार, प्रोत्साहन तथा सम्मानको उद्देश्यः** (१) पर्यटन वर्ष—२०८३ को सफल सञ्चालन, पर्यटन प्रवर्द्धन, सेवा सुधार, नवप्रवर्तन, स्थानीय संस्कृति संरक्षण तथा पर्यटन क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति, संस्था, व्यवसायी तथा समुदायलाई प्रोत्साहित गर्नु यस परिच्छेदको उद्देश्य हुनेछ।

(२) पुरस्कार, प्रोत्साहन तथा सम्मान प्रदान गर्दा पारदर्शिता, निष्पक्षता, समावेशिता, योगदानको मूल्याङ्कन तथा सार्वजनिक हितलाई आधार बनाइनेछ।

२७. **पुरस्कार तथा सम्मान प्रदान गर्न सकिने क्षेत्रः** पर्यटन वर्षका अवसरमा देहायका क्षेत्र तथा योगदानका आधारमा पुरस्कार, प्रोत्साहन वा सम्मान प्रदान गर्न सकिनेछः

(क) उत्कृष्ट पर्यटकीय गन्तव्य विकास तथा व्यवस्थापन,
(ख) उत्कृष्ट होटल, रिसोर्ट, होमस्टे तथा आतिथ्य सेवा,
(ग) उत्कृष्ट पर्यटन व्यवसायी,
(घ) उत्कृष्ट पर्यटक गाइड तथा स्वयंसेवक,
(ङ) उत्कृष्ट पर्यटन प्रवर्द्धन तथा सञ्चार योगदान,
(च) उत्कृष्ट स्थानीय उत्पादन, हस्तकला तथा मौलिक परिकार प्रवर्द्धन,
(छ) संस्कृति, सम्पदा तथा वातावरण संरक्षणमा योगदान,
(ज) महिला, युवा तथा समावेशी पर्यटन उद्यमशीलता,
(झ) नवीनतम पर्यटन अवधारणा तथा प्रविधि प्रयोग,
(ञ) पर्यटन अनुसन्धान, लेखन तथा दस्तावेजीकरण,
(ट) उत्कृष्ट वडा पर्यटन प्रवर्द्धन,
(ठ) उत्कृष्ट सामुदायिक पर्यटन पहल,
(ड) अन्य विशिष्ट योगदान।

२८. **पुरस्कार तथा सम्मानका प्रकारः** (१) पर्यटन वर्षअन्तर्गत देहायबमोजिमका पुरस्कार तथा सम्मान प्रदान गर्न सकिनेछः

(क) हेटौंडा पर्यटन सम्मान,
(ख) उत्कृष्ट पर्यटन सेवा पुरस्कार,
(ग) उत्कृष्ट पर्यटन उद्यमी पुरस्कार,
(घ) उत्कृष्ट होमस्टे सम्मान,
(ङ) पर्यटन मित्र सम्मान,
(च) पर्यटन स्वयंसेवक सम्मान,
(छ) संस्कृति तथा सम्पदा संरक्षण सम्मान,
(ज) पर्यटन पत्रकारिता सम्मान,
(झ) नवप्रवर्तन पर्यटन पुरस्कार,
(ञ) कार्यपालिकाले स्वीकृत गरेका अन्य पुरस्कार तथा सम्मान।

(२) पुरस्कार तथा सम्मानको नाम, संख्या, स्वरूप, रकम वा सुविधा कार्यपालिकाले समय—समयमा निर्धारण गर्न सक्नेछ।

२९. **पुरस्कार छनोट समितिः** (१) पुरस्कार तथा सम्मानका लागि योग्य व्यक्ति वा संस्थाको छनोट गर्न आयोजक समितिको सिफारिसमा एक **पुरस्कार तथा सम्मान छनोट समिति** गठन गर्न सकिनेछ।

(२) छनोट समितिको गठन देहायबमोजिम हुनेछः

(क) आयोजक समितिले तोकेको व्यक्ति — संयोजक

(ख) नगर पर्यटन समितिको संयोजक- सदस्य

(ग) पर्यटन क्षेत्रका विज्ञ — सदस्य

(घ) संस्कृति, सम्पदा वा वातावरण क्षेत्रका प्रतिनिधि — सदस्य

(ङ) निजी क्षेत्र/पर्यटन व्यवसायी प्रतिनिधि — सदस्य

(च) पर्यटन शाखा प्रमुख — सदस्य—सचिव

(३) आवश्यकता अनुसार विषय विज्ञलाई छनोट समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

**३०. पुरस्कार छनोटका आधारः** पुरस्कार तथा सम्मानका लागि छनोट गर्दा देहायका आधारलाई प्राथमिकता दिइनेछः

(क) पर्यटन विकासमा पुऱ्याएको योगदान,

(ख) सिर्जना गरेको रोजगारी तथा आर्थिक प्रभाव,

(ग) सेवा गुणस्तर तथा पर्यटक सन्तुष्टि,

(घ) वातावरण संरक्षण तथा दिगो पर्यटनमा योगदान,

(ङ) स्थानीय संस्कृति तथा पहिचान संरक्षण,

(च) नवीन सोच तथा प्रविधिको प्रयोग,

(छ) सामाजिक समावेशिता तथा समुदायको सहभागिता,

(ज) निरन्तरता, पारदर्शिता तथा विश्वसनीयता।

**३१. पुरस्कार तथा सम्मान प्रदान गर्ने प्रक्रियाः** (१) पुरस्कार तथा सम्मान आयोजक समितिको निर्णयबमोजिम विशेष समारोहमा प्रदान गरिनेछ।

(२) पुरस्कार तथा सम्मानका साथ प्रमाणपत्र, सम्मानपत्र, प्रतीकचिन्ह, नगद वा अन्य प्रोत्साहन प्रदान गर्न सकिनेछ।

(३) पुरस्कार तथा सम्मान प्राप्त गर्ने व्यक्ति वा संस्थाको विवरण उपमहानगरपालिकाको अभिलेखमा राखिनेछ।

## परिच्छेद—६
## विविध

**३२. समन्वय तथा सहकार्यः** पर्यटन वर्ष—२०८३ को प्रभावकारी सञ्चालनका लागि उपमहानगरपालिकाले नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह, सुरक्षा निकाय, निजी क्षेत्र, समुदाय, विकास साझेदार तथा अन्य सरोकारवालासँग आवश्यक समन्वयका लागि अन्तरपालिका/निकाय समन्वय समितिले गर्नेछ।

**३३. सम्पर्क व्यक्ति तथा प्रवक्ताः** (१) पर्यटन वर्षसम्बन्धी आधिकारिक सूचना, सञ्चार तथा समन्वयका लागि **प्रकाशन, प्रचार—प्रसार तथा सञ्चार समितिले गर्ने छ।**

(२) प्रवक्ताले मात्र आधिकारिक नीति, निर्णय, कार्यक्रम तथा प्रगतिसम्बन्धी सूचना सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ।

**३४. कार्यविधि संशोधन तथा परिमार्जनः** (१) यस कार्यविधिको कुनै व्यवस्था संशोधन, थपघट वा परिमार्जन गर्न आवश्यक भएमा आयोजक समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरी संशोधन गर्न सक्नेछ।

(२) संशोधन गरिएको व्यवस्था स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ।

**३५. बाधा अड्काउ फुकाउने अधिकारः** (१) यस कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै व्यावहारिक कठिनाइ वा अस्पष्टता उत्पन्न भएमा त्यस्तो बाधा अड्काउ फुकाउन कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको निर्णय प्रचलित कानूनसँग नबाझिने गरी कार्यान्वयन गरिनेछ।

**३६. अन्य निर्देशिका, मापदण्ड वा कार्ययोजना बनाउन सकिनेः** (१) यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, मापदण्ड वा कार्ययोजना निर्माण गरी स्वीकृत गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएका निर्देशिका वा मापदण्ड यस कार्यविधिको अभिन्न अङ्गका रूपमा रहनेछन्।

**३७. संक्रमणकालीन व्यवस्थाः** (१) यो कार्यविधि लागू हुनुअघि पर्यटन वर्ष—२०८३ सम्बन्धी गरिएका तयारी, निर्णय, सम्झौता वा प्रारम्भिक कार्यहरू यस कार्यविधिअनुकूल भएमा निरन्तरता दिन सकिनेछ।

(२) यस कार्यविधि लागू भएपछि बाँकी रहेका कार्यक्रम तथा प्रक्रिया यसै कार्यविधिबमोजिम सञ्चालन गरिनेछ।

**३८. बचाउः** (१) यस कार्यविधि लागू हुनुअघि प्रचलित कानूनबमोजिम पर्यटन वर्षसम्बन्धी भएका काम कारबाही यस कार्यविधिसँग नबाझिएसम्म मान्य रहनेछन्।

(२) यस कार्यविधिमा कुनै विषय छुटेको अवस्थामा प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानूनबमोजिम हुनेछ।

**३९. खारेजी तथा बचाउः** (१) यस कार्यविधि लागू भएपछि पर्यटन वर्ष—२०८३ सञ्चालन तथा व्यवस्थापनसम्बन्धी यससँग बाझिने अन्य आन्तरिक निर्णय, निर्देशिका वा व्यवस्था खारेज भएको मानिनेछ।

(२) यस कार्यविधिअनुसार भएका काम कारबाही यसै कार्यविधिबमोजिम भए गरेको मानिनेछ।

**४०. लागू हुने मितिः** यो कार्यविधि हेटौंडा उपमहानगरपालिकाको कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

**आज्ञाले**
**टेक बहादुर वली**
**प्रमुख प्रशासकीय अधिकृत**